# Universal Declaration of Human Rights - Nepali ()

# मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

## प्रस्तावना

मानव परिवारका सबै सदस्यहरुमा अन्तर्निहित प्रतिष्ठा र समान तथा अहरणीय अधिकारहरुको मान्यतानै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

मानव अधिकारहरुको अवहेलना र अनादरको परिणामस्वरुप मानवजातिको अन्तस्करणलाई नै आहत गर्ने बर्बरतापूर्ण कामहरु भएकोले र मानवजातिले वाक तथा आस्थाको स्वतन्त्रता उपभोग गर्न पाउने तथा भय र अभावबाट मुक्ति पाउने विश्वको सिर्जना नै र्सवसाधारण जनताको घोषित सर्वोच्च आकांक्षा भएकोले,

अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर व्रिदह गर्नु नै अन्तिम उपाय ठान्न मानिस वाध्य नहुन् भन्ने ठानी कानूनी शासनद्वारा मानव अधिकारहरु संरक्षित रहनु अति आवश्यक भएकोले,

राष्ट्रहरुका बीच मैत्री सम्बन्ध बृद्धि नगर्न आवश्यक भएकोले,

संयुक्त राष्ट्र संघका जनताहरुले बडापत्रमा मौलिक अधिकारहरु, मानव व्यक्तिको मान तथा प्रतिष्ठा र महिला र पुरुषहरुको समान अधिकारहरुमा विश्वास प्रकट गरेको र उदार र स्वतन्त्र सामाजिक प्रगति एवं उत्तम जीवन स्तर पवर्द्धन गर्न संकल्प गरेकोले,

संयुक्त राष्ट्र संघको सहयोगमा सदस्य राष्ट्रहरुले

पूर्ण रुपमा यो प्रतिज्ञा पूरा गर्न यी अधिकारहरु र स्वतन्त्रताहरुको साझा समझदारी हुनु अत्यन्त महत्वको कुरा भएकोले,

अब उपरान्त महासभाले यस मानव अधिकारहरुको विश्वव्यापी घोषणा गर्दछ ।

प्रत्येक व्यक्ति र समाजको अङ्गले यस घोषणापत्रलाई निरन्तर मनमा राखी शिक्षा दीक्षाद्वारा यी अधिकारहरुप्रति सम्मान बढाउने प्रयत्न गरुन् भनी राष्ट्रिय र अन्तराष्ट्रिय प्रगतिशील उपायहरुद्वारा मानव अधिकारहरुको यो विश्व्यापी घोषणापत्रलाई सदस्यहरु र ती राष्ट्रहरुका अधिकारमा रहेका प्रदेशका जनताहरु दुबैले ती अधिकार र स्वतन्त्रताहरुको विश्वव्यापी र प्रभावशाली मान्यता प्राप्त गर्न प्रतिज्ञा गरुन् भनि सबै जनता र राष्ट्रको निमित्त एउटा साझा मापदण्डको रुपमा जारी गर्दछ ।

धारा -१

सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र हुन्छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ । सबै व्यक्तिहरु विवेक, शक्ति र अन्तस्करणले युक्त भएकाले एकले अर्कोलाई भ्रातृत्वको भावनाले व्यवहार गर्नुपर्छ ।

धारा -२

प्रत्येक व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य मत, राष्ट्रिय वा सामाजिक उत्पत्ति,

प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरुलाई राजनैतिक, क्षेत्रीय वा अन्तराष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन ।

धारा -३

प्रत्येक व्यक्तिलाई वैयक्तिक जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ ।

धारा -४

कसैलाई पनि दास वा बाँदा बनाइ राखिने छैन । दासत्व र दास व्यापारलाई प्रत्येक रुपमा निषेध गरिएको छ ।

धारा -५

कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिन छैन ।

धारा -६

प्रत्येक व्यक्तिलाई कानूनको दृष्टिमा जहाँसुकै व्यक्तिको रुपमा मान्यता पाउने अधिकार छ ।

धारा -७

सबै व्यक्तिहरु कानूनको दृष्टिमा समान छन् र बिना भेदभाव कानूनको समान संरक्षणको हकदार हुनेछन् । सबैलाई यस घोषणाको उल्लङ्घन गरी गरिएको भेदभाव वा

प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारहरुको उल्लङ्घनका कार्यहरू विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार प्राप्त गर्ने अधिकार छ ।

धारा -९

कसैलाई पनि स्वेच्छाचारी ढंगले गिरफ्तार, थुना वा देश निकाला गरिने छैन ।

धारा -१०

प्रत्येक व्यक्तिलाई निजको अधिकार र दायित्व निरोपण गर्ने र निज उपर लगाइएको फौजदारी अभियोगको स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष तथा खुला सुनुवाईको अधिकार समान रुपले प्राप्त छ ।

धारा -११

-१) दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई बचाउको सबै आवश्यक प्रत्याभूतिहरु भएको खुला अदालतले कानून अनुसार दोषी नठहराउञ्जेल निर्दोष मानिने अधिकार हुनेछ ।

-२) कुनै पनि व्यक्तिलाई उसले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तराष्ट्रिय कानून अर्न्तगत दण्डनीय कसूर मानिदैन भने त्यस्तो कामको लागि निजलाई दण्डनीय अभियोगमा दोषी ठहर्‍याइने छैन, न त कुनै पनि व्यक्तिलाई दण्डनीय कसूर गर्दाको समयमा लागू